**बैठक संख्या ८**

मिति २०७७।०२।०२ गते श्रीमान् प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरूको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Centet (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति :**

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारि श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने, जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सूर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं. गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
८. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
९. प्रशासकीय अधिकृत श्री यज्ञराज जोशी, जिल्ला प्रशासन कार्यालय भक्तपुर
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

**छलफलका विषयहरू**

१. सुरक्षाकर्मीलाई व्यक्तिगत सुरक्षाको सामानको उपलब्धता र व्यवस्थापन सम्बन्धमा।
२. वडासम्म कोभिड-१९ लक्षित गरी बाहिरबाट आएका मानिसहरूको विवरण संकलन र आवत जावत सहजीकरण सम्बन्धमा।
३. भक्तपुर अस्पतालमा वेड थप्ने सम्बन्धमा।
४. क्वारेन्टाइन स्थलको अस्थाई संरचना तयारी सम्बन्धमा।
५. कोभिड-१९ प्रतिकार्य योजना तयारी सम्बन्धमा।
६. सार्वजनिक स्थल जस्तै होटल, पार्टी प्यालेस, विद्यालयको पहिचान र विवरण संकलन सम्बन्धमा।
७. विविध

**निर्णयहरू :**

१. कोभिड-१९ सक्रमण रोकथाम, नियन्त्रण तथा नेपाल सरकारले जारी गरेको लकडाउन पालना गराउन २४ सै घण्टा डिउटीमा खटिने सुरक्षाकर्मीको लागि दैनिक रूपमा आवश्यक पर्ने स्वास्थ्य सामाग्री (मास्क, पन्जा, पि.पि.ई सुट, स्यानिटाइजर) उपलब्ध गराउन गृह मन्त्रालय मार्फत Conid-19 Crisis Management Center (CCMC) मा अनुरोध गर्ने ।

२. भक्तपुर जिल्लामा रहेका चार (४) वटै नगरपालिकाभित्रका व्यक्तिहरूलाई अति आवश्यक सामान खरिद तथा अति आवश्यक कामको लागि मात्र आफ्नो वडाभित्र सावधानी अपनाई आवत जावत गर्न सहजिकरण गर्ने ।

३. भक्तपुर अस्पताल परिसरमा नव निर्मित Decanteen ब्लकलाई कोभिड-१९ ब्लकको रूपमा तयार गरिरहेको हुँदा सो ब्लकलाई सुचारू गर्न आवश्यक पर्ने दश (१०) वेड खरिपाटी स्थित क्वारेन्टाइन स्थलमा जगेडाको रूपमा रहेका वेडहरू मध्येबाट प्रयोग गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

४. कोभिड-१९ प्रतिकार्य योजनालाई जिल्लास्थित Covid-19 Crisis Management Center (CCMC) बाट स्वीकृत गरी गृह मन्त्रालयमा जानकारी दिने तथा भक्तपुर जिल्लामा कार्यान्वयन गर्ने/गराउने ।

५. स्थानीय तहमा कोभिड संक्रमण रोकथामको लागि अस्थायी क्वारेन्टाइनको लागि सार्वजनिक स्थानहरूको पहिचान गर्ने, स्थानीय होटलहरूलाई समेत क्वारेन्टाइनको रूपमा विकास गर्न सोको लगत राखी स्थानीय तहलाई जिम्मेवारी दिई क्वारेन्टाइन स्थलको रूपमा प्रयोग गर्ने ।

६. जिल्ला प्रवेश गर्ने नाकाहरूमा चेकजाँचलाई अत्यन्तै कडा बनाउने तथा गृह मन्त्रालयको पास र अत्यावश्यक सवारी साधन बाहेक अन्यलाई पूर्ण रूपमा रोक लगाउने ।